नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

आज मिति २०७५।३।१६ गतेका दिन यस नार्पा भूमि गाउँपालिकाको कार्यालयमा आ०व० ०७४।०७५ को यथार्थ आय-व्यय विवरण तथा आ०व० ०७५।०७६ का लागी नीति कार्यक्रम तथा बजेट र अनुमानित आय-व्यय विवरण पारीत गर्नका लागी यस गाउँपालिकाका अध्यक्ष श्री मिङ्मा छिरिङ लामाको अध्यक्षतामा बसेको चौंथो गाउँ सभा ले तपशिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव सर्वसम्मति छलफलगरी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

१. गा.पा. अध्यक्ष – श्री मिङ्मा छिरिङ लामा
२. सदस्य – श्री कोन्जो तेन्जिन लामा
३. " – श्री रितार छिपेल लामा
४. " – श्री – मेङ्मर फुन्चो लामा
५. " – श्री – साङ्गी थावा लामा
६. " – श्री छिरिङ डेन्डी घले
७ " – श्री सोनामतेन्जे लामा
८ " – श्री नुर्पा छिरिङ घले
९ " – श्री कर्म क्योरे लामा
१० " – श्री फुन्जो पासाङ लामा
११ " – श्री पासाङ डेन्डी घले
१२ " – श्री याङजीङ साङ्मा लामा
१३ " – श्री पेम्बा फुन्जो लामा
१४ " – श्री फुन्जो छिनेक ~~घले~~ लामा।
१५ " – श्री टसि छिरिङ लामा
१६ " – श्री थावा याङजेन लामा
१७ " – श्री पेम्बा धोर्जे लामा
१८ " – श्री ल्हाक्पा सोनामशेर्पा
१९ " – श्री टसि छेन्जोम लामा
२० " – श्री कर्म वाङ्दी लामा
२१ " – श्री टसि डिण्डी लामा
२२ सदस्य सचिव – श्री नारायण प्रसाद बाँस्तोला

अन्य उपस्थिति

२३ प्रशासन ना.सु. – श्री हरि बहादुर बली
२४ कृषी शाखा प्रमुख – श्री महेश पाण्डेत
२५ पशु शाखा प्रमुख – श्री राम प्रसाद अधिकारी
२६ वडा सचिव – श्री गणेश बहादुर बुढा
२७ " – " – श्री सुदिप प्रसाद अधिकारी
२८ " – " – श्री नारायण पन्थी

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| २९ | सूचना प्रविधि अधिकृत | श्री उज्वल बाँस्तोला | |
| ३० | सब इन्जिनियर | श्री अमृत दर्रे | |
| ३१ | लेखापाल | श्री लोकराज न्यौपाने | |
| ३२ | का.स. | श्री ध्रुविलाल खत्री | |
| ३३ | ,, | श्री छोर्तेन दुवाङ लामा | |
| ३४ | सचिव | श्री टासि वाङ्दी लामा | |
| ३५ | प्रहरी हवल्दार | श्री बालकृष्ण रानामगर | |
| ३६ | समाजसेवी | श्री ह्युर्के लामा | |
| ३७ | ,, | श्री सोनाम छिपेल लामा | |
| ३८ | वि.ए.ति सदस्य | श्री सोनाम फुन्जो लामा | |
| ३९ | समाजसेवी | श्री लाक्पा लामा | |
| ४० | ,, | श्री तान्छिरिङ लामा | तेन्जीङ |
| ४१ | ,, | श्री याङ् छिरिङ गुरुङ | |
| ४२ | नार आमा समूह अध्यक्ष | श्री शान्ती घले | |
| ४३ | समाजसेवी | श्री छे राङ्दो लामा | Chhewang, तामाङ |
| ४४ | ,, | श्री तेन्जिन लाक्पा लामा | |
| ४५ | पत्रकार | श्री प्रदिप पोखरेल | प्रदीप पोखरेल |
| ४६ | समाजसेवी | श्री सोनाम याङ्जिन लामा | याङ्जिन |
| ४७ | ,, | श्री लोबसाङ फुन्जो लामा | |
| ४८ | ,, | श्री लाक्पा डोमा लामा | लाक्पा |
| ४९ | ,, | श्री टासि लामा | टसी |
| ५० | ,, | श्री पेम्बा ग्यालबुङ लामा | पेम्बा |
| ५१ | ,, | श्री नाङ्छो फुवाङ लामा | |
| ५२ | नार आ.वि.प्र.अ. | श्री मोहन बहादुर अधिकारी | |
| ५३ | समाजसेवी | श्री फुन्जो छेन्जोम लामा | फुन्जो |
| ५४ | ,, | श्री छेवाङ छिरिङ लामा | |
| ५५ | ,, | श्री रिन्जेन डोमा लामा | |
| ५६ | स्वास्थ्य संयोजक | श्री श्रीराम यादव | |
| ५७ | नार स्वास्थ्य चौकी नि.अ.प्र. | श्री आदित लामकोरा | |
| ५८ | प्रहरी जवान | श्री प्रेम बहादुर बान्वे | |
| ५९ | प्र.ज. | श्री चुडक बहादुर वराम | |
| ६० | ,, | श्री किरण रोकाया | |
| ६१ | समाजसेवी | श्री बिन्दु बुढा | |
| ६२ | ,, | श्री राजकुमारी बुढा | राजकुमारी |
| ६३ | ,, | श्री कर्म टासि लामा | कर्म |
| ६४ | ,, | श्री कर्म तेम्बा नुर्पो लामा | |
| ६५ | ,, | श्री याङ् ग्याल्छो छिमी लामा | |

**प्रस्ताव नं. १**

गाउँ कार्यपालिकाबाट स्विकृत राजश्व परामर्श समितिको प्रतिवेदन, २०७५ गाउँ सभाबाट अनुमोदन गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**निर्णय नं.१**

प्रस्ताव नं. १ अनुसार प्रस्तावित राजश्व परामर्श समितिको प्रतिवेदन, २०७५ आजको सभाको पूर्ण मतले अनुमोदन गर्ने निर्णय पारित भयो ।

**प्रस्तान नं. २**

एकीकृत सम्पत्ति मूल्यांकन समितिले पेश गरेको प्रतिवेदन छलफल सहित गाउँ सभाबाट अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ अनुसार प्रस्तावित एकीकृत सम्पत्ति मूल्याकन समितिको प्रतिवेदन गाउँसभाको पूर्ण मतले अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. ३**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आ.व. २०७५ ०७६ को लागि अनुमान गरेको आन्तरिक आय तथा बजेट सीमा गाउँसभाबाट अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ अनुसार प्रस्तावित श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको आगामी आ.व. २०७५ ०७६ को अनुमानित आय तथा बजेट सीमा गाउँ सभाको पूर्ण मतले अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. ४**

कार्यपालिकाबाट स्वीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिका प्रतिवेदनहरु आ.व. २०७५ ०७६ को आर्थिक विधेयक, विनियोजन विधेयक तथा वार्षिक नीति, कार्यक्रम तथा बजेट छलफल सहित स्वीकृत गरियोस् भनि सभा समक्ष पेश गर्दछु ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर आवश्यक छलफल गरी कार्यपालिकाबाट स्वीकृत तपसिल अनुसारका प्रतिवेदनहरु यस सभाको पूर्ण मतले स्वीकृत गरियो ।

तपसिल

नार्पा भूमि गाउँपालिकाको आर्थिक विधेयक, २०७५
नार्पा भूमि गाउँपालिकाको बिनियोजन विधेयक, २०७५
नार्पा भूमि गाउँपालिकाको आ.व. २०७५ ०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

**प्रस्ताव नं. ५**

यस नार्पा भूमि गाउँपालिकाको आ.व. ०७५ ०७६ को वार्षिक आर्थिक विधेयक, विनियोजन विधेयक र नीति, कार्यक्रम तथा बजेटको स्वीकृति पश्चात् गाउँ कार्यपालिकालाइ पारित बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने अधिकार प्रदान गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

[illegible] छिरिङ लामा
गा.[illegible]

**निर्णय नं.५**

प्रस्ताव नं. ५ उपर आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकालाई पारित बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने अधिकार प्रदान गरियोस् भन्ने कार्यपालिकाको प्रस्ताव आजको सभाको पूर्ण मतले स्वीकृत गरिएको छ ।

**प्रस्ताव नं. ६**

यस नापां भूमि गाउँपालिकाका चालु आ.व. २०७४ ०७५ मा सम्पन्न भई भुक्तानीसमेत भई सकेका कार्यक्रम तथा योजनाहरुको हाल सम्म भएको आय व्ययको अनुमोदन तथा सम्पन्न भै भुक्तानी बाँकी रहेका कार्यक्रम तथा योजनाहरुको हकमा नियमानुसार भुक्तानी गर्ने आदेश गाउँ कार्यपालिकालाई प्रदान गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नापां भूमि गाउँपालिकाको चालु आ.व. २०७४ ०७५ मा सम्पन्न भई सकेका कार्यक्रम तथा योजनाहरुको हालसम्म भएको आय व्याय अनुमोदन गरिनुका साथैभुक्तानी बाँकी रहेका कार्यक्रम तथा योजनाहरुको हकमा नियमानुसार भुक्तानी गर्ने आदेश यस गाउँसभाको आजको बैठकले दिने निर्णय पारित भयो ।

**प्रस्ताव नं. ७**

यस नापां भूमि गाउँपालिकाका प्राथमिकिकरण भएका तथा आ.व. २०७५ ०७६ मा समेट्न नसकिएका अनुसूची-७ मा समावेश भएका कार्यक्रम तथा योजनाहरुलाई नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धित निकायमा माग गर्ने कार्यपालिकाको निर्णय अनुमोदनका लागि पेश गर्न चाहन्छु ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ अनुसार प्रस्तावित आ.व. २०७५ ०७६ मा प्राथमिकिकरण भएका तर तत्काल समेट्न नसकिएका कार्यक्रम तथा योजनाहरुलाई नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धित विभिन्न निकायमा माग गर्ने कार्यपालिकाको निर्णय आजको गाउँसभाबाट अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. ८**

यस नापां भूमि गाउँपालिकाका सेवा करारमा रहेका रहने (नेपाल सरकारको दरबन्दी तेरिज अनुसारका कर्मचारीको हकमा मात्र) कर्मचारीहरुलाई स्थायी कर्मचारी सरह नै स्थानीय भत्ता, पोशाक भत्ता लगायतका सुविधा दिने कार्यपालिकाको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ अनुसार प्रस्तावित यस नापां भूमि गाउँपालिकाका सेवा करारमा रहेका रहने (नेपाल सरकारको दरबन्दी तेरिज अनुसारका कर्मचारीको हकमा मात्र) कर्मचारीहरुलाई स्थायी कर्मचारी सरह नै स्थानीय भत्ता, पोशाक भत्ता लगायतका सुविधा दिने कार्यपालिकाको निर्णय आजको गाउँ सभाको पूर्ण मतले अनुमोदन गरिएको छ ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**प्रस्ताव नं. ९**

यस गाउँपालिकामा हाल सेवा करारमा रहेका कर्मचारीहरु कार्यालय सहयोगीहरु छविलाल खत्री, छोतेन छोड लामा, कर्म जिग्मी लामा र तान्जेन पाल्मा लामा तथा ओभरसियर श्री अमन दरैको कार्यसम्पादन सन्तोषजनक देखिएको र निजहरुको सेवा यस गाउँपालिकालाई अत्यावश्यक भएकोले निजहरुको सेवा करार अवधि आगामी आ.व. ०७५ ०७६ का लागि थप गर्ने तथा सूचना प्रविधि अधिकृत श्री उज्वल बाँस्तोलाको हकमा हाल LGCDP बाट तलब भत्ता लगायत सुविधा उपलब्ध गराइएको हुँदा आगामी आ.व.०७५ ०७६ समेतका लागि सेवा करार अवधि थप गर्न अनुरोध गर्ने, त्यस्तो हुन नसकेमा निजको समेत आगामी आ.व. ०७५ ०७६ को बाँकी अवधिका लागि यसै निर्णयबाट सेवा करार अवधि थप गरी गाउँपालिकाबाट नै तलब भत्ता लगायतका सुविधा उपलब्ध गराउने कार्यपालिकाको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ मा प्रस्तावित सेवा करारमा रहेका कर्मचारीहरु सम्बन्धी कार्यपालिकाको निर्णय आजको गाउँ सभाको पूर्ण मतले अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. १०**

यस नार्पा भूमि गाउँपालिकाले सेवा करार सम्झौता गरी भर्ना गर्न सक्ने प्राविधिक कर्मचारीहरु इन्जिनियर जना १, सब ओभरसियर जना २, कम्प्यूटर अपरेटर जना १, कार्यालय सहयोगी प्रत्येक वडामा १ १ जना गरी जम्मा ५ जना सेवा करार सम्झौता गरी भर्ना गर्न स्विकृर्तीका लागि गाउँसभामा पेश गर्ने कार्यपालिकाको बैठकको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० उपर आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाले सेवा करार सम्झौता गरी भर्ना गर्न सक्ने प्राविधिक कर्मचारीहरु इन्जिनियर जना १, सब ओभरसियर जना २, कम्प्यूटर अपरेटर जना १, कार्यालय सहयोगी प्रत्येक वडामा १ १ जना गरी जम्मा ५ जना सेवा करार सम्झौता गरी भर्ना गर्न आजको गाउँ सभाले कार्यपालिकालाई स्विकृति प्रदान गर्ने निर्णय गरेको छ ।

**प्रस्ताव नं. ११**

आर्थिक तथा प्रशासनिक कार्यहरुलाई छिटो, छरितो र प्रभावकारी बनाउने उद्देश्यले गाउँसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको मर्म र भावनामा फरक नपर्ने गरी तत्काल निर्णय लिइनुपर्ने आर्थिक तथा प्रशासनिक कार्यको लागि गाउँसभाबाट अनुमोदन गराउने गरी आवश्यक निर्णय लिने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजित गरियोस् भन्ने प्रस्ताव पेश गर्न गर्दछु ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ उपर छलफल गर्दा आर्थिक तथा प्रशासनिक कार्यहरुलाई छिटो, छरितो र प्रभावकारी बनाउने उद्देश्यले गाउँसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको मर्म र भावनामा फरक नपर्ने गरी तत्काल निर्णय लिइनुपर्ने आर्थिक तथा प्रशासनिक कार्यको लागि गाउँसभाबाट अनुमोदन गराउने गरी आवश्यक निर्णय लिने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजित गरियोस् भन्ने प्रस्ताव गाउँ सभाबाटस्विकृत गरिएको छ ।

पिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**प्रस्ताव नं. १२**

यस नापां भूमि गाउँपालिकाको समपूरक अनुदान प्राप्तिका लागि समपूरक कोष आवश्यक पर्ने आयोजनाको कार्यान्वयनका लागि रु. ३८,००,०००.०० (रु.अठतीस लाखमात्र) को समपूरक कोष खडा गर्ने, कोषको रकम समयमै खर्च नभै वा आंशिक खर्च भै बाँकी रहने रकम पुरै वा आंशिक संशोधन विनियोजनमार्फत बिनियोजन गरी खर्च गर्न सकिने कार्यपालिकाको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं.१२**

प्रस्ताव नं.१२ अनुसार प्रस्तावित समपूरक कोष सम्बन्धी कार्यपालिकाको निर्णय (जुन आ.व. २०७५/०७६ को बजेटमा व्यवस्था भइ सकेको छ) आजको गाउँ सभाबाट पूर्ण मतले अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. १३**

यस नापां भूमि गाउँपालिकाको विपद व्यवस्थापन कोषमा चालु आ.व. ०७४/०७५ मा छुट्याइएको रकम रु. १०,००,०००.०० (अक्षरुपी रु. दश लाख मात्र) मा आ.व. ०७५/०७६ मा थप रु. १०,००,०००.०० बिनियोजन गरी रु. २०,००,०००.०० को विपद व्यवस्थापन कोष खडा गर्ने गाउँ कार्यपालिकाको निणय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ अनुसार प्रस्तावित विपद व्यवस्थापन कोष सम्बन्धी गाउँ कार्यपालिकाको निर्णय (जुन आ.व. ०७५/०७६ को बजेटमा व्यवस्था भैसकेको छ) आजको गाउँसभाबाट अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. १४**

यस नापां भूमि गाउँपालिकाका गाउँपालिका गुरुयोजना, आवधिक विकास योजना र नापां भूमि पर्यटन गुरुयोजना निर्माणका लागि विभिन्न क्षेत्रका विषय विज्ञहरुको परामर्श सेवा लिइ यस्ता गुरुयोजनाहरु निर्माण गर्ने गाउँ कार्यपालिकाको निर्णयस्विकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं.१४**

प्रस्ताव नं.१३ उपर आवश्यक छलफल गरी नापां भूमि गाउँपालिकाका गाउँपालिका गुरुयोजना, आवधिक विकास योजना र नापां भूमि पर्यटन गुरुयोजना निर्माण गर्ने सम्बन्धी गाउँ कार्यपालिकाको निर्णय स्वीकृत गरिएको छ ।

**प्रस्ताव नं. १५**

यस नापां भूमि गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएका तपशिल बमोजिमका कार्यविधिलाई अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

क) नापां भूमि गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

ख) नापां भूमि गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

ग) एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५

साथै नापां भूमि गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने विधेयक, २०७५ दफावार छलफल सहित स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

मिङमा छिरिङ लामा

गाउँपालिका अध्यक्ष

**निर्णय नं.१५**

प्रस्ताव नं.१५ उपर आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएका तपशिल बमोजिमका कार्यविधिहरु आजको गाउँ सभाबाट अनुमोदन गरिएको छ ।

क। नार्पा भूमि गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

ख। नार्पा भूमि गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

ग। एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५

साथै नार्पा भूमि गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने विधेयक, २०७५ उपर आवश्यक छलफल गरी यसै गाउँ सभाबाट स्वीकृत पारित गरिएको छ ।

**प्रस्ताव नं.१६**

यस गाउँपालिकाको मिति २०७४ साउन १ गते देखि आजका मितिसम्म बसेका गाउँपालिका तथा गाउँ कार्यपालिकाका विभिन्न समितिका बैठकका कार्यपालिकाबाट स्वीकृत निर्णयहरु अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं.१६**

~~प्रस्ताव नं. १६~~

प्रस्ताव नं.१६ अनुसार प्रस्तावित गाउँ कार्यपालिकाको मिति २०७४ साउन १ गते देखि आजका मितिसम्म बसेका गाउँपालिका तथा गाउँ कार्यपालिकाका विभिन्न समितिका बैठकका कार्यपालिकाबाट स्वीकृत निर्णयहरु आजको गाउँसभाबाट अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं. १७**

यस गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको विकास हुने या गाउँपालिकालाई फाइदा हुने खालका योजना कार्यक्रम सहित कुनै गैर सरकारी संस्थाले प्रस्ताव गरेमा त्यस्ता गैर सरकारी संस्थाको प्रस्ताव स्वीकार गर्ने वा नगर्ने अधिकार गाउँ कार्यपालिकालाई हुने गाउँ कार्यपालिकाको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं.१७**

प्रस्ताव नं.१७ उपर छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको विकास हुने या गाउँपालिकालाई फाइदा हुने खालका योजना कार्यक्रम सहित कुनै गैर सरकारी संस्थाले प्रस्ताव गरेमा त्यस्ता गैर सरकारी संस्थाको प्रस्ताव स्वीकार गर्ने वा नगर्ने अधिकार गाउँ कार्यपालिकालाई हुने गाउँ कार्यपालिकाको निर्णय आजको गाउँ सभाबाट अनुमोदन गरिएको छ । तर गाउँसभाले आवश्यक ठानेमा त्यस्ता निर्णयहरु प्रति कुनै पनि बेलामा थप निर्णय लिन सक्ने र गाउँसभाको त्यस्तो निर्णय नै अन्तिम निर्णय हुने कुरा समेत आजको गाउँ सभाबाट पारित गरियो ।

**प्रस्ताव नं.१८**

यस नार्पा भूमि गाउँपालिकाका ४, ५ नं. वडाको फू क्षेत्रमा नेपाल टेलिकमको टावर राख्नको लागि गाउँपालिका बाट रकम विनियोजन गरी भवन निर्माण भईसकेकोले यथासम्भव छिटो नेपाल टेलिकमको टावर राख्न नेपाल टेलीकमको शाखा कार्यालय चामे, मनाङमा अनुरोध गर्ने गाउँ कार्यपालिकाको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**निर्णय नं.१८**

प्रस्ताव न १८ अनुसार नार्पा भूमि गाउँपालिकाको ४ र ५ न. वडाको फू क्षेत्रमा नेपाल टेलिकमको टावर राख्न अनुरोध गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गरिएको छ ।

**प्रस्ताव नं.१९**

यस नार्पा भूमि गाउँपालिकाका च्याखु देखी फूसम्मको मोटरबाटो र फू जाने बाटो देखि महेन्द्रपूल हुँदै नार गाउँ सम्मको मोटरबाटोको डि.पि.आर. गर्ने कार्यपालिकाको निर्णय गाउँसभाबाट स्वीकृतगरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं.१९**

प्रस्ताव नं.१९ उपर छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाका च्याखु देखी फूसम्मको मोटरबाटो र फू जाने बाटो देखि महेन्द्रपूल हुँदै नार गाउँ सम्मको मोटरबाटोको डि.पि.आर. गर्ने गाउँ कार्यपालिकाको निर्णय गाउँसभाको पूर्ण मतले स्विकृत गरिएको छ । साथै आवश्यक बजेटको व्यवस्था हुने बित्तिकै सो निर्णयको कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आजको गाउँ सभाबाट आदेश समेत दिइएको छ ।

**प्रस्ताब नं. २०**

यस नार्पा भूमि गाउँपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, श्रमिकहरुको ज्याला, भाडा तथा ढुवानीको न्यूनतम दररेट निर्धारण सम्बन्धमा गाउँ कार्यपालिकाले गरेको निर्णय स्विकृतिका पेश गरियोस् भन्ने प्रस्ताव छलफलका लागि पेश गर्दछु ।

**निर्णय नं.२०**

प्रस्ताव न २० उपर छलफल गर्दा जिल्ला दररेट निर्धारण समिति, लमजुङ र जिल्ला दररेट निर्धारण समिति, चामे मनाङले आगामी आ.व. २०७५ ०७६ का लागि तय गर्ने न्यूनतम दररेट अनुसार यस गाउँपालिकाको न्यूनतम दररेट कायम गर्ने र यदि उपरोक्तानुसारका दररेटहरुद्धारा काम कारवाही गर्दा अन्यौलता वा अपर्याप्तता हुने भएमा वा त्यस्ता दररेटहरु निर्धारण नभएको अवस्थामा गाउँ कार्यपालिकाले दररेट निर्धारण गरि सोही अनुसार गर्ने गाउँ कार्यपालिकाको प्रस्ताव आजको गाउँसभाबाट स्वीकृत गरियो ।

**प्रस्ताव नं. २१**

यस नापा भूमि गाउँपालिकाको केन्द्र रहेको स्थान च्याँखुमा जग्गा प्राप्ती ऐन, २०३४ तथा सो प्रयोजनका लागि यस अगाडी भएका प्रयास र प्रगतिसमेतको आधारमा जग्गा प्राप्ति सम्बन्धी निर्णय गर्ने गरी कार्यपालिकालाई अधिकार प्रदान गरियोस् भन्ने प्रस्ताव यस गरिमामयसभामा पेश गर्न चाहन्छु ।

**निर्णय नं.२१**

प्रस्ताव नं. २१ उपर आवश्यक छलफल गर्दा यस नापा भूमि गाउँपालिकाको केन्द्र रहेको स्थान च्याँखुमा जग्गा प्राप्ती ऐन, २०३४ तथा सो प्रयोजनका लागि यस अगाडी भएका प्रयास र प्रगतिसमेतको आधारमा जग्गा प्राप्ति सम्बन्धी निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गर्ने निर्णय आजको गाउँसभाबाट पारित गरियो ।

**प्रस्ताव नं.२२**

यस नापा भूमि गाउँपालिकाका वडा कार्यालयहरुको सुचारु सञ्चालनका लागि चालु खर्च विनियोजन गर्न गाउँ कार्यपालिकाबाट लिइएको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं.२२**

प्रस्ताव नं. २२ उपर छलफल गर्दा आ व ०७५ ०७६ को लागी यस नापा भूमि गाउँपालिकाका ५ वटै वडा कार्यालय सञ्चालन तथा निर्वाचित पदाधिकारीको बैठक भत्ता, दैनिक भ्रमण भत्ताको निमित्त आवश्यक चालु खर्चको अनुमानित रकम ५ वटै वडालाई एकमुष्ठ रुपमा विनियोजन गर्ने (प्रत्येक वडालाई वार्षिक रु ७,००,०००।- पर्ने गरि) । यस्तो विनियोजित रकम हरेक शीर्षकमा समानुपातिक वितरण हुने गरी कार्यक्रम बनाइ पेश गरे पछिमात्र चौमासिक रुपमा सम्बन्धित ५ वटै वडाका वडा सचिवहरुलाई पेश्की स्वरुप तपशिल बमोजिमका शिर्षकमा उपलब्ध गराउने तथा प्रत्येक वडाले बिनियोजित रकम बिनियोजन भएको शिर्षकमा मात्रै खर्च गर्न सक्ने गाउँ कार्यपालिकाको निर्णय गाउँसभाबाट अनुमोदन गरिएको छ । साथै सो सम्बन्धी शीर्षकगत विनियोजन निम्नानुसार हुनेछ ।

तर्पासिल

| क स | शिर्पक न | शिर्पक | अनुमानीत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५,००,०००.०० | |
| २ | २११४२ | पदाधिकारी अन्य सुविधा | ६०,०००.०० | |
| ३ | २२११२ | सन्चार महसुल | ६०,०००.०० | |
| ४ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ८०,०००.०० | |
| ५ | २२२१३ | सवारी साधन ममंत | ५०,०००.०० | |
| ६ | २२२२१ | मेसिनरी तथा औजार ममंत | १,००,०००.०० | |
| ७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १०,००,०००.०० | |
| ८ | २२३१४ | इन्धन अन्य प्रयोजन | ३,००,०००.०० | |
| ९ | २२६१२ | भ्रमण खर्च | ५,५०,०००.०० | |
| १० | २२७११ | विविध खर्च | ८,००,०००.०० | |
| | | जम्मा | ३५,००,०००.०० | |

**प्रस्ताब नं. २३**

यस नार्पा भूमि गाउँपालिकाको आन्तरिक लेखा परीक्षण जिल्ला समन्व समितिका आन्तरीक लेखा परीक्षक, वा दर्तावाला लेखापरीक्षक वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गर्ने कार्यपालिकाको निर्णय गाउँ सभाबाट स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं.२३**

प्रस्ताव नं. २३ उपर आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाको आन्तरिक लेखा परीक्षण जिल्ला समन्व समितिका आन्तरीक लेखा परीक्षक, वा दर्तावाला लेखापरीक्षक वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गर्ने कार्यपालिकाको निर्णय आजको गाउँसभाबाट स्वीकृत गरियो ।

**प्रस्ताब नं. २४**

यस नार्पा भूमि गाउँपालिकाका गौरवका आयोजनाहरु तत्काललाई तर्पाशल बमोजिम हुने कार्यपालिकाको निर्णय यस गाउँ सभाबाट स्विकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**तपशिल**

क) मुर्चु खोला लघु जलविद्युत आयोजना ५ न. वडामा ।

ख) कोतो-च्यांखु सडक निर्माण तल स्याउबारी (यस आ.व.मा २ न. वडा ले कार्यान्वयन गर्ने गरी)

**निर्णय नं.२४**

प्रस्ताव नं. २४ अनुसार प्रस्तावित नापां भूमि गाउँ कार्यपालिकाका गौरबका आयोजनाहरु सम्बन्धी निर्णय यस गाउँ सभाबाट स्वीकृत गरिएको छ ।

**प्रस्ताब नं. २५**

यस नापां भूमि गाउँपालिकामा संचालित अब सञ्चालन हुने क्रमागत आयोजनाहरु तपशिल बमोजिम हुने कार्यपालिकाको निर्णय गाउँसभाबाट स्विकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**तपशिल**

क) गाउँपालिका भवन निमाण आयोजना च्याँखु ३ नं. वडा

ख) क्याङ भिर देखि फू गाउँ सम्मको बाटो निमाण ५ न. वडा

ग) महेन्द्रपुल देखि नार सम्मको बाटो निर्माण ३ नं. वडा

घ) फू सामुदायिक गुम्बा निमार्ण ४ नं. वडा

ङ) तेरिला पास पर्यटकीय बाटो निमाण २ नं. वडा

**निर्णय नं.२५**

प्रस्ताव नं. २५ अनुसार प्रस्ताव गरिएका यस गाउँपालिकाका क्रमागत योजना सम्बन्धी गाउँ कार्यापालिकाको निर्णय स्वीकृत गरिएको छ ।

**प्रस्ताव नं. २६**

यस गाउँपालिका क्षेत्रभित्र संकलन तथा निकासी हुने यासांगुम्बाको संकलन तथा निकासी कर सम्बन्धमा गाउँ कार्यपालिकाले लिएको निर्णय अनुमोदन गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं. २६**

प्रस्ताव नं. २६ उपर छलफल गर्दा यस गाउँपालिका भित्रका विभिन्न ठाउँबाट संकलन हुने यासांगुम्बाको संकलन कर CAMC i.e. Conservation Area Management Committee (सर्रक्षत क्षेत्र व्यवस्थापन समिति) नार र फू संग समन्वय गरी संकलनमा लिइएको (स्थानीय नापांबासीलाई तोकिएको प्रति पूर्जि रकम र अन्य (मनाङवासी)लाई तोकिएको प्रति पूर्जि रकम) मध्ये ५०% कर एकमुष्ठ यस गाउँपालिकालाई उपलब्ध गराउन समन्वय गर्ने तथा संकलित यासांगुम्बाको प्रति किलो निकासीमा रु.२०,०००|- का दरले निकासी कर उठाउने गाउँ कार्यपालिकाको निर्णय यस गाउँसभाबाट अनुमोदन गरिएको छ ।

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. २७**

नेपालको संविधानको धारा ५६ (४) को कार्यान्वयनार्थ धारा २९५ (१) बमोजिम गठित संघीय आयोगको प्रतिवेदन अनुसार निर्मित यस नार्पा भूमि गाउँपालिकाको वडाहरुको सिमाना, क्षेत्रफल र केन्द्र विविध कारणले हेरफेर गर्नुपर्ने देखिएकोले सो सम्बन्धमा कार्यपालिकाले तयार पारेको प्रस्ताव आवश्यक छलफल र संशोधन सहित पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहन्छु।

**निर्णय नं. २७**

प्रस्ताव नं. २७ उपर आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ (१) को अधिकारको प्रयोग गर्दै, सोही ऐनको दफा ५ (३) को मर्म र भावनालाई समेत आत्मसात गरी हाललाई जनसंख्याको वितरण केही असमान देखिएता पनि विकास हुँदै गएको वस्ति, विकासको सम्भावना, भौगोलिक अनुकुलता, पूर्वाधार विकासको सम्भावनासमेतलाई मध्यनजर गरि यस गाउँपालिकाका वडाको सिमाना र केन्द्र हेरफेर हुन साविक र प्रस्तावित विवरणसमेत खुलाई प्रस्तावित विवरण र नक्साअनुसार वडाको सिमाना, क्षेत्रफल र केन्द्र कायम हुन मनासिब देखिएकोले गाउँ कार्यपालिकाले तयार पारेको तपसिल अनुसारको प्रस्ताव आजको सभाको सम्पूर्ण मतले स्वीकृत गरी सो सम्बन्धमा प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने ब्यबस्था गर्न कार्यपालिकालाई आदेश दिने निर्णयसमेत आजको गाउँसभाबाट पारित गरियो।

| नार्पा भूमि गाउँपालिका | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाल | | | | | प्रस्तावित | | | | |
| वडा नं. | क्षेत्रफल (ब.मि.) | जनसंख्या (जनगणना ०६८ अनुसार) | सिमाना | केन्द्र | वडा नं. | क्षेत्रफल (ब.मि.) | जन संख्या (हाल) | सिमाना | केन्द्र |
| १ | १३.४२ | १२४ | **पूर्व:**नार खोला<br>**पश्चिम:**पाङला भीरको माथिल्लो भाग<br>**उत्तर:** सातेदेखि गुलुङ डाँडा<br>**दक्षिण:** पाङला भीरको तल्लो भाग | नार | १ | २१५.३१ | २६९ | **पूर्व:**फू गाउँसँग जोडिएको पाङखी डाँडादेखी तल ताङ्रेच फोलुङ्गे पुलदेखि घेमेन डाँडासम्म<br>**पश्चिम:**सातेपारिको पाङला भीरदेखि माथि डिस्याङको घ्यारु डावल गाउँदेखि काङलापाससम्म<br>**उत्तर:**टंकी मनाङ र मुस्ताङ जिल्लाको छुक्साङ, सुर्खाङ गाउँहरुको सिमानासम्म<br>**दक्षिण:**साते गुम्बाको तल महेन्दपुलबाट नारखोलासम्म | नार गाउँ |
| २ | १७८.६ | ११५ | **पूर्व:** :च्याँखु हिमश्रृंखला देखी कङगारु हिमालसम्म<br>**पश्चिम:** पाङलाभीरदेखि नार खोलाको तिरैतिर ताङचेखर्क खर्क हुँदै चामे गा.पा.को सिमानासम्म ।<br>**उत्तर:** :मुसी खोलादेखि तल ब्रोमा वारि नार खोलासम्म<br>**दक्षिण:** **दक्षिण:**नाम्मया खर्कको दक्षिणी भेगदेखि नासों गा.पा. र चामे गा.पा.को सिमानासम्म | नार | २ | १५५.०० | ८६ | **पूर्व:**काङगारु हिमश्रृंखलादेखि नाम्म्या खर्कको पूर्वी भेगसम्म<br>**पश्चिम:**पाङलाभीरदेखि नार खोलाको तिरैतिर ताङचेखर्क खर्क हुँदै चामे गा.पा.को सिमानासम्म ।<br>**उत्तर:**नारखोलाको महेन्द्र पुलदेखि सकारगाङ हुँदै लावाङ खोलाको सिधै माथि काङगारु हिमालसम्म<br>**दक्षिण:**नाम्मया खर्कको दक्षिणी भेगदेखि नासों गा.पा. र चामे गा.पा.को सिमानासम्म | मेता |
| ३ | २९४.५९ | १२३ | **पूर्व:** नाारको सिमाना पाङखी डाँडादेखि तल फू खोलासम्म<br>**पश्चिम:** पाङला भीरको माथिल्लो भेगदेखि माथि डिस्याङको घ्यारु डावल गाउँदेखि काङलापाससम्म<br>**उत्तर:** :टंकी मनाङ र मुस्ताङ जिल्लाको छुक्साङ, सुर्खाङ गाउँहरुको सिमानासम्म<br>**दक्षिण:** नार खोलाको महेन्दपुल | मेता | ३ | ११६.३० | ८१ | **पूर्व:**च्याँखु हिमश्रृंखला देखी कङगारु हिमालसम्म<br>**पश्चिम:** घेमेन डाँडाबाट तङरेचे हुँदै फूसँग जोडिएको खेचा चरन क्षेत्रसम्म<br>**उत्तर:**मुसी खोलादेखि तल ब्रोमा वारि नार खोलासम्म<br>**दक्षिण:**नार खोलाको महेन्द्र पुलदेखि सकारगाङ हुँदै खोल्चो खोलाको सिधै माथि कङगारु हिमालको वारिसम्म | च्याँखु |
| ४ | १९४.८ | १०२ | **पूर्व:**क्याङ हिमश्रृंखलाहुँदै हिमलुङ | क्याङ | ४ | १९३.५५ | ८९ | **पूर्व:**क्याङ हिमश्रृंखलाहुँदै हिमलुङ हिम | क्याङ |

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

नार्फु भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ८ | | हिम श्रृंखला र गोरखा जिल्लाको सिमानासम्म<br>**पश्चिम:**फू खोलाको वारि हुँदै लोङो गुफा सम्म<br>**उत्तर:**हिमलुङ हिमालदेखि चीन नाकासम्म ।<br>**दक्षिण:**क्याङ हिमालदेखि मुस्री खोला, ब्रोमा फू खोला सम्म | | | | | श्रृंखला र गोरखा जिल्लाको सिमानासम्म<br>**पश्चिम:**फू खोलाको वारि हुँदै फू गेटबाट प्याङपु पुलसम्म, त्यसपछि प्याङपुको भीरको कुना-कुना हुँदै तर फेरी वगाल वस्ती आईपुग्दा फू खोलाकै वगाल नदीकोा वारि वारि हुँदै माथि पाँरि खोला र वस्तीसम्म<br>**उत्तर:**हिमलुङ हिमालदेखि चीन नाकासम्म ।<br>**दक्षिण:**क्याङ हिमालदेखि मुस्री खोला, ब्रोमा फू खोला सम्म | |
| ५ | १५६.०४ | ७४ | **पूर्व: पश्चिम:**फू खोलाको वारि हुँदै लोङो गुफा हुँदै फू खोलाको पारि खेचा सम्म<br><br>**पश्चिम:** नारको सिमाना पाङखी डाँडादेखि तल फू खोला पारि खेचा चरन क्षेत्रसम्म<br>**उत्तर:**चीनको नाका र मुस्ताङ जिल्लाको सुर्खाङ गाउँको सिमानासम्म ।<br>**दक्षिण:**क्याङको ब्रोमा पारिको खेचा चरन क्षेत्रदेखि माथि पाङ्खी डाँडा छुनेसम्म | फू गाउँ | ५ | १५७.३७ | ९० | **पूर्व:**फू खोलाको पारि खेचा/क्याङदेखि प्याङपु पुल हुँदै होमाथाङ समथर भूमीसहित फेरी बगाल वस्तीदेखी फू खोलाकै वगाल खोलादेखि पारि पारि हुँदै माथि पाँरि खोला र वस्तीसम्म<br>**पश्चिम:** नारको सिमाना पाङ्खी डाँडादेखि तल फू खोला पारि खेचा चरन क्षेत्रसम्म<br>**उत्तर:**चीनको नाका र मुस्ताङ जिल्लाको सुर्खाङ गाउँको सिमानासम्म ।<br>**दक्षिण:**क्याङको ब्रोमा पारिको खेचा चरन क्षेत्रदेखि माथि पाङ्खी डाँडा छुनेसम्म | फू गाउँ |

नक्सा (साविक)

नक्सा (प्रस्तावित)







मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष